"गाउँ-शहरमा आम सन्चार, चेतना र प्रेरणाको शुभ समाचार"
ख वर्गको पत्रिका

# गुड न्यूज
Good News National Weekly
राष्ट्रिय साप्ताहिक

सहकारी लगायत वित्तीय संस्थामा रकम जम्मा गर्दै हुनुहुन्छ ?
हो भने,
त्यस्ता संस्थाको वित्तीय विश्वसनियताको परीक्षण गर्न नबिर्सौं । अधिक लाभको लोभमा नफसौं ।

*नेपाल सरकार, विज्ञापन बोर्ड*

वर्ष १५, अंक - ०५ | २०७९ असार २० गते सोमबार देखि असार २६ गते आइतवार सम्म *(Good News National Weekly, Jul. 04 to 10 , 2022)* | *मुल्य रु. ५।-*

## *अफिमको बियाँ पोस्ता दानाको अवैध धन्दा*

# उम्रिने नउम्रिनेबारे परीक्षण गरिँदै





*बाँकेको सीमा नाका जमुनाहामा नियन्त्रणमा लिएको भारतीय कन्टेनरमा अफिमको बियाँ, । तस्बिर : गुडन्यूज साप्ताहिक*

*गुड न्यूज संवाददाता*
*नेपालगन्ज*

भारतबाट नेपालमा सामान आयात गर्ने कन्टेनरबाट चोरी पैठारी हुने गरेको रहस्य खुलेको छ ।

सीमा नाका जमुनाहामा शुक्रबार भारतीय कन्टेनर चेकजाँच गर्ने क्रममा फल्स बटन बनाएर अवैध रुपमा भारत लैजाँदै गरेको ६ हजार ८७ किलो पोस्ता दाना (अफिमको बियाँ) बरामद भएपछि यस्तो रहस्यबारे पत्ता लागेको हो। जिल्ला प्रहरी कार्यालय बाँकेका प्रवक्ता डीएसपी मधुसुधन न्यौपाने का अनुसार बिहान ९:३० बजेतिर भारतीय आरजे शून्य नौ जीबी ४५४२ नं. को कन्टेनरमा नेपालबाट भारत तिर अवैध रुपमा सामान चोरी पैठारी भइरहेको भन्ने गोप्य सूचनाको आधारमा चेकजाँच गर्दा ९९ लाख २१ हजार ८१० रुपैयाा बराबरको २५ किलोका २४० बोरा र ७ बोरा आधा भरिएको पोस्ता दाना बरामद गरिएको हो । कन्टेनर चेकजाँच गर्ने क्रममा कन्टेनरका चालक र सहचालक फरार भएको प्रहरीले भन्सार कार्यालयलाई लेखेको पत्रमा उल्लेख छ । जिल्ला प्रहरी कार्यालय बाँकेले शुक्रबार अपरान्ह ४ बजेतिर नेपालगन्ज भन्सार कार्यालयलाई पोस्ता दाना र कन्टेनर नेपालगन्ज भन्सार कार्यालय हस्तान्तरण गरेको थियो ।

> *कन्टेनर चेकजाँच गर्ने क्रममा कन्टेनरका चालक र सहचालक फरार भएको प्रहरीले भन्सार कार्यालयलाई लेखेको पत्रमा उल्लेख छ । जिल्ला प्रहरी कार्यालय बाँकेले शुक्रबार अपरान्ह ४ बजेतिर नेपालगन्ज भन्सार कार्यालयलाई पोस्ता दाना र कन्टेनर नेपालगन्ज भन्सार कार्यालय हस्तान्तरण गरेको थियो । आइतबार भन्सार कार्यालय नेपालगन्जले बरामद गरिएको पोस्ता दाना लागु औषध भए नभएको र पोस्ता दाना उम्रिने वा नउम्रिने कस्तो खालको हो भन्नेबारे परीक्षण गर्न पठाएको छ । टर्कीबाट आएको पोस्ता दाना नेपालमा कोटा निर्धारण गरेर आयात गरिन्छ ।*

आइतबार भन्सार कार्यालय नेपालगन्जले बरामद गरिएको पोस्ता दाना लागु औषध भए नभएको र पोस्ता दाना उम्रिने वा नउम्रिने कस्तो खालको हो भन्नेबारे परीक्षण गर्न पठाएको छ ।

टर्कीबाट आएको पोस्ता दाना नेपालमा कोटा निर्धारण गरेर आयात गरिन्छ । ओली सरकारका उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री लेखराज भट्टले नेपालमा प्रतिबन्धित पोस्ता दाना विदेशबाट आयात गर्न २ हजार मेट्रिक टन कोटा निर्धारण गरेका थिए । पोस्ता दाना, सुपारी, मरिच, छोकडाको कोटा तोकेर आयात गरिन्छ । मिठाइमा प्रयोग गर्ने भन्दै नेपालमा पोस्ता दाना आयात हुने गरेको छ ।

पोस्ता दानाको प्रयोग भने मसलाको रुपमा हुन्छ । मिठाइमा बढी प्रयोग हुन्छ । त्यसैगरी पनीर बटर मसला, मटर पनीर, चिकन करी, मिक्स भेज करी लगायतका सबैजसो करी र झोलिलो आइटममा पोस्ता दानाको प्रयोग हुन्छ । विदेशमा निर्यात गर्न प्रतिबन्ध छ। आयात गरिएको सबै पोस्तादाना नेपालमै खपत हुँदैन । यसको माग नेपालमा भन्दा भारतमा बढी हुन्छ । चोर बाटोबाट अधिकांश पोस्ता दाना भारतमा निर्यात गरिन्छ ।

पोस्ता दाना नियन्त्रणमा लिनेमध्येका एक इलाका प्रहरी कार्यालय जमुनाहाका इन्चार्ज नेपाल प्रहरीका बरिष्ठ सइ माधव रिजालले नेपालमा तेस्रो मुलुकबाट आयात गर्न कोटा लिएको बताएका छन् । नेपाल र भारतमा पोस्तादानाको मुल्य तेब्बर भन्दा बढी हुने भएकाले व्यापारीले भारतीय बजारमा बेच्ने गरेका छन् ।

नेपालगन्ज भन्सार कार्यालयका प्रमुख अर्जुनकुमार न्यौपानेले शुक्रबार नियन्त्रणमा आएको कन्टेनर गत २७ जुनमा भारतबाट काठमाडौंका लागि दाल लिएर आएको बताए । चालक र सहचालक

*(बाँकी पृष्ठ ४ मा)*



गुड न्यूज राष्ट्रिय साप्ताहिकका लागि प्रकाशक/प्रधान-सम्पादक
डक्ट प्रसाद धिताल
मुख्य सम्बाददाता : तिलक ब. नेपाली
कानूनी सल्लाहकार : नरेन्द्रनाथ योगी
संरक्षक : सुशिला बसेल
सल्लाहकार : पा. के. बी. बसेल
कार्यालय : नेपालगञ्ज उपमहानगरपालिका-१०, गोसाईगाउँ, बाँके
फोन नं. : ०८१-५२६९९५, ९८४८०२०८४२
पोष्ट बक्स नं. : ४७
ईमेल :- goodnews_paper20@yahoo.com
goodnews.nepal@gmail.com
मुद्रक ::सुभाष प्रिन्टिङ् प्रेस, नेपालगञ्ज-११, त्रिभुवनचौक, बाँके
(फोनः- ०८१-५२४३७०, ९८४४८८९९९९)

# सम्पादकीय

## तस्करी रोक्न साना मात्र होइन ठूला गाडीहरुको चेक जाँचमा कडाई गर

नेपाल भारत सिमा नाकाहरु मध्ये बाँकेको नेपालगन्जस्थित जमुनाह नाका पनि महत्वपूर्ण नाका हो र यस नाकाबाट प्रत्येक दिन झण्डै हजारौंको संख्यामा मालवाहक वाहनहरु नेपाल-भारत आवतजावत गर्ने गर्दछन्। नेपालका लागि दैनिक उपभोग्य खाद्य सामाग्रीहरु देखि लिएर भौतिक निर्माणमा आवश्यक सामाग्रीहरु भारत देखि नेपाल भित्रिन्छन् भने नेपालबाट पनि जडीबुटी तथा मसलाजन्य सामाग्रीहरु भारततिर पैठारी हुने गर्दछन्।

त्यसैगरी साना वाहनहरु तथा मोटरसाइकल, साइकलमा पनि बिभिन्न सामाग्रीहरु ल्याउने-लैजाने काम हरेक दिन भइरहेको हुन्छ। भन्सार कार्यालयले १ सय रुपैयाँ भन्दा बढि मुल्यको कुनै पनि सामाग्री छ भने त्यसको भन्सार शुल्क तिर्नुपर्नेछ भनेर भन्सार आसपासका क्षेत्रमा ब्यापकरुपमा साइनबोर्ड तथा भित्तामा लेखेर प्रचारवाजी गरेको पनि सर्वत्र देखिन्छ। त्यसैले सर्वसाधारण नागरिकहरु नै बढि चेकजाँचको मारमा परेको देखिन्छ। जसले अवैध गरिएका बस्तुहरुको निकासी-पैठारी गरिरहेको हुन्छ उसले बढी कठिनाई महसुस गर्दछ, तर आफूलाई आवश्यक पर्ने घरायसी प्रयोजनका सामाग्रीहरु मानिसहरुले निर्धक्करुपमा ल्याउने अपेक्षा गरेका हुन्छन् र ल्याइपनि रहेका हुन्छन्। त्यस्तालाई भन्सार कार्यालय तथा अन्य ठाउँमा समेत सुरक्षाकर्मीहरुले चेकजाँच गर्दा सहज वातावरण सृजना गरिदिनुपर्ने हुन्छ र आवश्यक अवस्थामा निर्धक्क रुपमा आफूले ल्याएको सामाग्रीको मुल्य अनुसार भन्सार शुल्क तिर्नु पनि एक विवेकसिल नागरिकका लागि कर्तब्य नै मानिन्छ। यसका लागि सुरक्षा चेकजाँच गर्नेहरुले पनि सहज वाताबरण बनाइदिनु पर्छ। यसले गर्दा सुरक्षा चेकजाँचकर्मी र सेवाग्राही दुवैलाई सहज हुन सक्छ। तर साधारण बस्तुहरुमा पनि चेकजाँचका नाममा साधारण लाई दुःख, झमेला दिने कामचाहिं गर्नु हुँदैन।

अनौठो कुरा त के भने नेपाल सरकारको जागिर खाने उच्च तहका कर्मचारीहरु नै सरकारी गाडी लिएर नेपाल भारत सिमाको भारतीय प्रान्तमा पर्ने सिमावर्ती रुपैडिहा बजारमा आवश्यक सामाग्री खरिद गर्न पुग्छन् र उनिहरुले गाडीभित्र जे ल्याएपनि उनिहरुको सुरक्षाकर्मीहरुले चेकजाँच गर्दैनन्। उनिहरुलाई चेकजाँच नगरेका कारण कुनैबेला उनिहरुबाट नै अवैध सामाग्रीहरु निकासी पैठारी नहोला भन्न सकिँदैन र यसैको प्रेरणाले ठूला मालवाहक गाडीहरु दुरुपयोग हुन सक्छन्। किनकी मोटामोटी चेकजाँच तथा कागजात हेर्ने मात्र कामले ठूला गाडीहरुभित्र वैधानिक सामाग्रीहरु संगसंगै रातौंरातमा धन कमाउने लालचमा अवैधानिक सामाग्रीहरुको कारोबार हुन सक्छ र गैरसामाग्रीहरुले भरिएका यस्ता मालवाहक कन्टेनरहरु निर्वाधरुपमा सन्चालनमा आइरहेका हुनेछन्। तसर्थ अवैध बस्तुहरुको तस्करीलाई निरुत्साहित गर्न साना मात्र होइन ठूला मालवाहक वाहनहरुको सूरक्षा जाँच कडाईकासाथ सुक्ष्म तरिकाले हुनुपर्छ।

# विचार/धारणा

## कुलमान पनि कुम्ल्याउनैतिर लागे ?

*"विदेशीहरुकै लगानीमा नेपाल भित्र खोलिएका ठूला-ठूला उद्योग, कलकारखानाहरुमा एक मिनेट पनि विद्युत अवरुद्ध नगर्ने शर्तमा उनिहरुबाट कमिशन खाएर नेपाल सरकारका ठूला-ठूला नेताहरुले अकुत रकम कुम्ल्याउने गरेका छन्।"*



भीम बहादुर शाही
अधिवक्ता
नेपालगन्ज, बाँके

जलस्रोतको धनी देश नेपालमा ठूला-ठूला धनी छिमेकी देशहरुले नेपालका अल्पमति भएका नेताहरु सत्तामा पुगेका बखत उनिहरुलाई अकुत धन दिएर नदीहरु आफ्ना कब्जामा लिने र विद्युतको परियोजनामा आफ्नो फाइदा हुने कुरामा मात्र सम्झौता गराउँदै सम्पूर्ण विद्युत आफ्नो देशबाट मात्र नेपाल लाई थोरै मात्रामा बिक्री गर्नेगरी सम्झौता गरेकाले नेपालमा विद्युत प्रसारण नियमितरुपमा प्रयाप्त मात्रामा नहुने र आफ्नै देशका जनतालाई ठगेर चर्को मुल्यमा विद्युत विक्री गरेर सो बाट प्राप्त रकम विदेशीलाई पूर्व सम्झौता अनुसार बुझाउने गरिएको छ।




विदेशीहरुकै लगानीमा नेपालभित्र खोलिएका ठूला-ठूला उद्योग, कलकारखानाहरुमा एक मिनेट पनि विद्युत अवरुद्ध नगर्ने शर्तमा उनिहरुबाट कमिशन खाएर नेपाल सरकारका ठूला ठूला नेताहरुले अकुत रकम कुम्ल्याउने गरेका छन्।

नेताहरुकै सिफारिसमा नियुक्त गरिएका विद्युतका कर्मचारीहरु नातेदारहरुलाई विद्युतको महसुल तिर्न नपरेर छुट दिएकोले सो घाटालाई पूर्ति गर्न प्रत्येक महिनामा विद्युत महसुलमा बृद्धि गर्ने चलन अहिलेसम्म कायम रहँदै आएको छ।

सरकारी कार्यालयहरुमा पनि दैनिक विद्युतीय काम ठाउँमा विद्युतको छुट्टै जोड्ने सुविधा दिएको देखिँदैन। जसरी प्राइभेट एनजीओ, आइएनजीओ हरुमा फर्म, उद्योग, बोर्डिङ्गहरुमा कमिशन खाएर विद्युत कार्यालयले विद्युत वितरण गरिरहेको देखिन्छ।

नियमितरुपमा विद्युत आपूर्ति नहुँदा अस्पतालहरुमा सेवाग्राहीहरुलाई स्वास्थ्य सेवा दिन समस्या भइरहेको छ। स्वास्थ्यसंग सम्बन्धित सेवाहरु एक्सरे र प्रयोगशालाका सेवाहरु बढि प्रभावित हुँदा सर्वसाधारणहरु बढि मर्कामा परेका छन्। अस्पताल मात्र नभएर अन्य कार्यालय, स्थानीय उद्योगहरु समेत मर्कामा परेका छन्। विद्युत आपूर्ति नियमित नभएपछि खाद्यान्न सामाग्रीका ब्यापारीहरुको ब्यापार चौपट भएको सर्वत्र गुनासो आइरहेको छ।

सर्वसाधारणहरुले यसलाई अघोषित लोडसेडिङ भन्न थालिसकका छन्। नियमित विद्युत आपूर्ति नभएको मौका छोपी सरकारी कार्यालयमा सेवा लिन आउने सेवा ग्राहीहरुलाई प्रतिलिपी कागजात बनाउनेहरुले बढी शुल्क तिराएर ठगिरहेको अवस्था छ।

पहिलो कार्यकालमा नाम चलाएका कुलमान घिसिङ्गले जे जति सुधार ल्याएर जनतालाई खुशी बनाएका थिए, त्यो काम उनि पछि नियुक्ती हुने कर्मचारीले नगरेपछि जनता को चाहना अनुसार पुनः दोस्रो कार्यकालमा कुलमानलाई नै विद्युतको प्रमुख कार्यकारी प्रमुख बनाउने प्रयासलाई पहिले देखि कमिशन खाने कर्मचारीहरुलाई आफ्नो स्वार्थपूर्ति गराउन कुलमान घिसिङ्गलाई राम्रो काम गर्नमा अवरोध ल्याई कुलामानलाई असफल बनाउन हो, वा कुलमान आफैले त्यो काममा कुनै ध्यान नदिई विद्युतमा ब्यापक भ्रष्टाचार मौलाउन टेवा दिएको कुरा प्रष्ट बुझिएको छ। विद्युतको आपूर्तिका कारण जनताहरुमा हाहाकार फैलाउने काम भएको छ।

दोस्रो कार्यकालमा कुलमानले अकुत सम्पति कुम्ल्याउने मनसायले यस्ता कामहरु गरेको भए नेपाली जनताहरुले कुलमानलाई नै नंग्याउन ढिला गर्न हुँदैन। घण्टौंसम्म जनतालाई विद्युत बन्द गरेर विदेशी द्वारा सन्चालित उद्योगहरुमा चौबिसै घण्टा विद्युत लाइन दिएर उनिहरुबाट कमिशन बापत अकुत रकम कुम्ल्याउने विद्युतका कर्मचारीहरुलाई कुनै कार्वाही नीति निर्देशन नदिएर नेपाली जनतालाई गर्मी मौसममा तड्पाई-तड्पाई मार्ने दुष्प्रयास गर्नुको कारण कुलमान घिसिङ्गले पनि कमिशन कुम्ल्याउने प्रयास गरेको प्रष्ट देखिन्छ।

कुलमानको दोस्रो कार्यकाल निन्दनीय देखिन्छ। समयमा नै कुलमानले आफ्नो बानी, बिचार र ब्यवहारमा सुधार ल्याउन् भन्ने जन गुनासो बढ्न थालेको छ।

## संवाद/लोक कल्याणकारी सन्देश

# "नयाँ पुस्ताले मौलिक संस्कृति महसुस् गर्नै पाएनन् "

*नेपाली लोक सांगीतिक दुनियामा तीन वर्ग देखिएका छन् । पहिलो वर्ग जो आवश्यकताभन्दा छिटो भोलिका लागि भन्दै संगीतलाई नै परिवर्तन गरि दिन्छन् । दोस्रो वर्ग जसले लोकसंगीत धेरै परिवर्तन हुनुहुँदैन भनिठान्छ। पुरानै ढर्रामा चलिरहन मन पराउने उनीहरूका सिर्जना पनि पुरानो शैलीमा छन् ।*

*तेस्रो वर्गले मौलिकतालाई बचाउँदै हिँजो र भोलिलाई हेरेर आज लोक संगीत क्षेत्रमा पुलको काम गरिरहेको छ। यो वर्ग सक्रिय भइञ्जेल कसैले पनि लोकगीतलाई भत्काउन सक्दैन भन्ने आम बुझाइ छ। नेपाली लोकदोहोरी क्षेत्रमा कैयौं सर्जकहरू काम गरिरहेका छन् । आफ्ना सिर्जनामा मिहिनेत गरेका छन्। तीनैमध्ये एक हुन् रोइला गायक शिरिष देवकोटा । उनी "खेली" (जसलाई रोइला भन्ने गरिन्छ) रोइला गायकको रूपमा परिचित छन् ।*


*अहिले विभिन्न किसिमका लोक गीतहरू बजारमा छन्। कुनै लोकगीतका नाममा भद्दा गायन पनि आइरहेका छन् । कोही वर्षौंदेखि हाम्रा सामाजिक तथा सांस्कृतिक महत्वका गीतमा मिहिनेत गरिरहेका छन् । अहिले लोक तथा दोहोरी गीतको बहार आएको छ। हरेक चोक तथा गल्लीमा लोक गीत घन्किन थालेका छन्। तर, कतिपयले नेपालका पुराना मौलिक गीतहरू हराउँदै गएको चिन्ता व्यक्त गरेका छन् ।*

*गायक देवकोटासँग नेपाली मौलिक गीत र रोइलासँग विशेष रहेर थाहाखबर ले गरेको कुराकानीको अंश :-*

➢ *किन हराउँदै जाने रहेछन् हाम्रा मौलिक गीत ?*

– मौलिक गीतहरू हराउनुको मुख्य दोषीका रूपमा अहिले व्यावसायिकतालाई दिने, आधुनिकतालाई दिने, नयाँ पुस्तालाई नै दिने देखिन्छ ।

अर्को कुरा व्यवसायमा जे चल्छ त्यसैमा व्यापार गर्नुपर्छ भन्ने पनि मान्यता देखिन्छ । भेल छोप्नेहरुलाई हिँजो मौलिक गीत के थिए ? भोलि के हुन्छ मतलव भएन । पुराना गीत चल्दैन भन्ने आम धारणा पनि बनिदियो। कलाकार सिर्जनशील हुन सकेनन् । मौलिक सिर्जनशीलता हुन नसकेपछि हाम्रा मौलिकता विस्तारै लोप हुँदै गए ।




➢ *नयाँ पुस्ता वा व्यावसायिकताको नाममा मौलिक गीत हराएका हुन् भन्ने आधार हो ?*

– म यसमा पनि सहमत छैन । नयाँ पुस्तालाई मौलिकतालाई भुले भन्ने कुरा सान्दर्भिक हुँदैन। किनभने उनीहरू मौलिकता सँग परिचित नै हुन पाएनन् ।

हिँजो बुबा हजुरबुबाहरूको काखमा बसेर मौलिक गीत सुन्ने पुस्ता थियो । तर, आधुनिकताले गाउँबाट मान्छे हराए। मान्छेसँगै गीत गाउने आँगन हराए । आँगन मात्र हराएन, गीतमा आवश्यक पर्ने मौलिक बाजा हराए। जसले गर्दा नयाँ पुस्ताले हाम्रा मौलिक संस्कृतिलाई महसुस गर्न पाएनन् ।

यो विडम्बना बनिदियो । उनीहरूलाई गीतको संरचना थाहा छः तर, कुन बेला कस्ता गीत गाइन्छ भन्ने थाहा छैन । स्पष्ट ज्ञान नभएसी सिर्जनामा ह्रास आउनु स्वाभाविक हो। नयाँ पुस्तालाई नै पूर्ण दोषी देखाउनु गलत हो ।

➢ *नयाँ पुस्ताले मौलिकता भोग्न पाएनन् भन्ने कुरामा सहमत छु। उता अग्रज पुस्ताले मौलिक गीत संरक्षण गरेकै हुन् । कतै न कतै कमजोरी भएको छ नि ?*

– पक्कै पनि कमजोरी भएको छ । स्थापित सर्जकहरू समेत मौलिक गीतमा संरक्षणमा नलागेर नयाँ चिजमा आकर्षित भएपछि कमजोरी सुरु भएको छ। यसैक्षेत्रबाट स्थापित हुने र जीविकोपार्जन गर्नेले यसको संरक्षणमा पनि उत्तरदायित्व बहन गर्नुपर्छ ।

व्यावसायिक गीत गाउने सर्जकले १० वटा गीत निर्माण गर्दा हराउँदै गएका मौलिक गीतमध्ये एउटा भए पनि मौलिक गीतको संरक्षणमा मिहिनेत गर्नुपर्छ ।

हिँजो आमाले घाँस काट्दा गाएका गीत, गोठालो जाँदा गाइने गीत निकालौं । पार्टी भञ्ज्याङ चौतारीमा गाइने गीत वा होस् हाम्रा सांस्कृतिक तथा महत्वका गीतका बारेमा गम्भीर भएर लगानी गर्न जरुरी छ । जसले पुस्ता हस्तातन्तरण हुँदा हामीले यी गीत छोडेर जान सकियोस् ।

➢ *कतिपय सर्जकहरूले दर्शक एडभान्स भइसके त्यसकारण व्यावसायिक हुँदै गीत पनि एडभान्स बनाउनुपर्छ भन्ने गरेको सुनिन्छ। कुनै पनि गीत दर्शकको अपेक्षाअनुसार बन्छन् ? कि त्यो सर्जकको आफ्नो रोजाइको कुरा हो ?*

– कुनै बेला यस्तो समय थियो। शहरमा दोहोरी वा लोक गीत सुन्दा झ्याल ढोका थुनेर सुन्नुपर्थ्यो। अहिले लोक गीतको बजार हेर्नुस् त । जहाँ पनि लोक गीतले आफ्नो स्थान बनाएको छ । शहरमा व्यस्त गल्ली देखि सपिङ मलमा पनि लोक गीत घन्किन्छन् ।

नयाँ दर्शकले पुराना गीत सुन्दैनन्। नयाँ मात्र सुन्छन् भन्ने कुराको तुक छैन । एउटा कुरा के भने दर्शक श्रोताहरू त रचनाकारले जस्ता गीत ल्याउँछन्, त्यहीअनुसार सुन्छन् । कुनै सर्जकले सिर्जना गर्नुपूर्व नै दर्शकले धारणा बनाएका हुँदैनन् ।

हामीले गर्ने सिर्जनामा कति मिहिनेत छ भन्ने कुरा मुख्य हो। जबसम्म सर्जकको गीत वा शब्दमा दर्शकले आफ्नोपन भेट्दैन तबसम्म त्यो गीत उसले मन पराउँदैन। यो दुनियामा आफ्नोपन मन नपराउने व्यक्ति मैले भेटेको छैन। नत्र बजारमा आएका मौलिक गीतहरू सफलताको सिढी चढ्न सफल हुँदैन थिए ।

➢ *अहिलेका नयाँ पुस्ताले त पुनः मौलिकतालाई जोड दिएको कुराबाट पक्कै तपाई बेखबर हुनुहुन्न होला है ?*

– नयाँ पुस्ताले मौलिकतालाई जोड दिइरहेका छन् । म आफैले पनि अन्य कुनै गीत गाएर पनि पेट पाल्न सक्थें । तर, कम्तीमा मैले मेरा हजुरबुबा, बुबा आमाले गाउँमा गाएको वा बजाएका गीतहरूलाई आफ्नो सिर्जनामा ल्याएँ। किनभने कुनै पनि सिर्जना बचाउन सर्जकको पहिलो ठूलो हात हुन्छ भन्ने लाग्छ। भलै मबाट यसका लागि गरेको मिहिनेत के कति भयो म जान्दिनँ । मैले रोइला, (खेली) का गीतहरू निकाले ।

अहिले पनि धेरै सर्जकहरू मौलिक गीत निकालिरहेका छन्। उनीहरूले आफ्नो तर्फबाट मिहिनेत गरेको कुरामा मेरो सम्मान छ ।

➢ *मौलिक गीतको संरक्षणमा काम पनि भएका छैनन् त ?*

– अहिले म गाउँ तथा शहरमा युवाहरू पुनः एकीकृत हुन थालेका छन् । उनीहरूले आफ्ना मौलिक गीतहरू संरक्षण अभियानमा लागिरहेका छन् । अग्रज दाई दिदीहरू पनि यस कार्यमा लागिरहनु भएको छ। नारायण रायमाझी तथा हरिदेवी कोइरालाहरू निरन्तर यस कार्यमा लागिरहनु भएको छ । मौलिक गीतहरू संरक्षणको अभियानमा राज्य पनि लागिरहेको छ । यस मानेमा चाहिं सुखद संकेतहरू देखिएका छन् ।

➢ *रोइला गायकको रूपमा परिचित हुनुहुन्छ। हामी यसैतर्फ लागौं। के हो रोइला ?*

– नेपाली लोक संगीतको एउटा विधा हो, रोइला गीत । विशेषत यो समूहमा गाउन मिल्छ। यसकारण रोइला दोहोरी विधामा पर्छ । यसलाई "ख्याली" वा "चुड्का" भनेर पनि आम मान्छेले बुझ्ने गरेका छन् ।

मेरो बुझाइमा रोइला, ख्याली, चुड्काका फरक-फरक परिभाषा पाइन सक्छ। तर, यिनका शैलीहरू भने उस्तै-उस्तै हुन् ।

➢ *रोइला र भजनमा प्रयोग हुने वाद्यवादन उस्तै छन् । शैली उस्तै छ । रोइला गाउने बेला र अवस्था त हुन्छ होला ?*

– यसमा पनि भजन जस्तै खैंजडी, मजुरा, मादलको प्रयोग हुन्छ। पूजाआजा, स्वस्थानी, सप्ताह लगायत विभिन्न धार्मिक कार्यक्रम पश्चात् भजनबाट गाइन्छ। अनि कार्यक्रम टुंग्याइन्छ। भजन त भगवानका स्तुतिगान वा विषयमा मुख्य रूपमा गाइन्छ ।

तर, भजन गाउँदै गर्दा समय परि स्थितिले गायन विषयान्तर हुँदै जान्छ। जब त्यो विषय माया प्रेम वा अन्य कुनै विषयमा प्रवेश गर्छ। अनि सुरु हुन्छ : रोइला वा ख्याली ।

➢ *यी गीत विशेषतः कहाँ बढी प्रचलित छन् ?*

– कालीगण्डकी आसपासका क्षेत्रमा रोइला लोकप्रिय रहँदै आएको छ। लुम्बिनी, गण्डकी र धौलागिरी क्षेत्र (तत्कालीन अञ्चल) मा प्रचलित छ ।

जातीय हिसाबले हेर्नुपर्दा विशेषगरी आर्य समुदायले गाउने गीतका रुपमा रोइलालाई लिन सकिन्छ । कालीगण्डकी आसपासमा मगर र गुरुङ समुदायमा पनि

(बाँकी पृष्ठ ५ मा)

भाइरसले भेदभाव गर्दैन, हामीले पनि नगरौं

जुनसुकै जात, धर्म, लिङ्ग, क्षेत्र, उमेर वा वर्णका मानिसहरुलाई
कोभिड-१९ संक्रमण हुनसक्छ

कोभिड-१९ संक्रमितलाई अपहेलना र भेदभाव नगरौं

कोभिड-१९ संक्रमण भएर आइसोलेसनमा बसिरहनुभएका हाम्रा
आफन्त र छिमेकीहरुको नजिक जान नमिले पनि टाढैबाट
माया र हौसला बाडौं

इलुमिनेट नेपाल मिडिया सेन्टर
(Illuminate Nepal Media Center)
नेपालगन्ज उपमहानगरपालिका - १० सोफियाटोल, बाँकेद्वारा जनहितमा जारी सन्देश

(सम्पर्क नंबर : ०८१-५२४९७२)

## धारावाहिक जीवन दर्शन

### येशूको पक्राउ

४७. उहाँ बोल्दाबोल्दै, एउटा भीड त्यहाँ आइपुग्यो। बाह्र चेलामध्ये एक जना यहूदा भन्नेचाहिँ तिनीहरूका अगिअगि आयो। येशूलाई चुम्बन गर्नलाई त्यो उहाँको नजिकै



गयो। ४८. तर येशूले त्यसलाई भन्नुभयो, *"यहूदा, के तिमी मानिसको पुत्रलाई चुम्बन द्वारा विश्वासघात गर्न चाहन्छौ ?"*

४९. तब उहाँको छेउछाउमा भएकाहरूले के हुने हो, सो देखेर उहाँलाई भने, "प्रभु, के हामी तरवार चलाऔं ?"

५०. तिनीहरूमध्ये एक जनाले प्रधान पूजाहारीको नोकरलाई हान्यो, र त्यसको दाहिने कान च्वाट्टै काटि दियो।

५१. तर येशूले भन्नुभयो, *"भयो, अब यसो नगर ।"* अनि त्यस मान्छेको कान छोएर उहाँले त्यसलाई निको पारिदिनु भयो।

५२. अनि उहाँको विरुद्धमा आएका मुख्य पूजाहारीहरू, मन्दिरका कप्तानहरू, र धर्म-गुरुहरूलाई उहाँले भन्नुभयो, *"के तपाईंहरू डाँकूको विरुद्धमा आएजस्तै तर वार र लाठाहरू लिएर आउनुभयो ?*

*५३. म दिनहुँ मन्दिरमा तपाईंहरूका साथमा हुँदा तपाईंहरूले मेरो विरुद्धमा हात उठाउनु भएन। तर अब तपाईंहरूको समय हो, र अन्धकारको शक्ति यही हो।"*

#### पत्रुसले ख्रीष्टलाई इन्कार गरेका

५४. तिनीहरूले येशूलाई पक्रेर लगे, र उहाँलाई प्रधान पूजाहारीको घरमा ल्याए। तर पत्रुस टाढैबाट उहाँको पछिपछि लागे। ५५. त्यहाँ आँगनको बीचमा आगो बालेर मानिसहरू जम्मा भएर बसिरहेका थिए। पत्रुस पनि तिनीहरूसँगै बसे। ५६. एउटी नोकर्नीले आगोको उज्यालोमा तिनलाई बसिरहेका देखेर नियालेर हेरी, र भनी, "यी मानिस पनि तिनीसँगै थिए।" ५७. तर पत्रुसले यसो भनेर इन्कार गरे,"ए नारी, म



उहाँलाई चिन्दिनँ।"

५८. केही बेरपछि अर्कोले तिनलाई देखेर भन्यो, "तिमी पनि तिनीहरूमध्येकै हौ।"

तर पत्रुसले जवाफ दिए, "ए मानिस, म होइनँ।"

५९. प्रायः एक घण्टा बितेपछि अर्को एक जनाले जोड दिएर यसो भन्यो, "निश्चय नै यीं मानिस तिनीसँगै थिए, किनकि यिनी पनि गालीली नै रहेछन्।"

६०. तर पत्रुसले भने, "ए मानिस, तिमी के भनिरहेछौ, म जान्दिनँ।" तिनी बोल्दाबोल्दै भाले बास्यो। ६१. अनि प्रभुले फर्केर पत्रुसलाई हेर्नुभयो। "आज भाले बास्न अघि तिमीले मलाई तीन पल्ट इन्कार गर्नेछौ" भनी भन्नुभएको प्रभुको वचन पत्रुसलाई याद भयो। ६२. र तिनी बाहिर निस्केर धुरुधुरु रोए।

#### येशूको अपमान

६३. तब येशूलाई पक्रने मानिसहरूले उहाँलाई गिल्ला गरे, र पिटे, ६४. उहाँका आँखा छोपिदिएर उहाँलाई सोधे, "तँलाई हिर्काउने को हो ? लौ, अगमवाणी भन्।" ६५. तिनीहरूले उहाँको विरुद्धमा अरू धेरै तिरस्कारपूर्ण कुरा भने।

#### महासभाको सामुन्ने येशू

६६. उज्यालो हुने बित्तिकै भेला भएका जनताका धर्म-गुरुहरू, मुख्य पूजाहारीहरू र शास्त्रीहरू दुवैले उहाँलाई आफ्नो महासभामा लगे, ६७. र भने, "तँ ख्रीष्ट होस् भने हामीलाई भन्।"

उहाँले तिनीहरूलाई भन्नुभयो, *"मैले बताएँ भने पनि तपाईंहरू पत्याउनुहुन्न। ६८. मैले प्रश्न गरें भने पनि तपाईंहरू जवाफ दिनु हुन्न।*

*६९. तर अब मानिसको पुत्र परमेश्वरका शक्तिको दाहिनेपट्टि बस्नेछ।"*

७०. तब तिनीहरू सबैले भने, "त्यसो भए, के तँ परमेश्वरको पुत्र होस् ?"

उहाँले तिनीहरूलाई उत्तर दिनुभयो, *"तपाईंहरू नै भन्नुहुन्छ, म उही हुँ।"*

७१. तिनीहरूले भने, "हामीलाई अब अरू के साँक्षीको आवश्यकता छ र ? किनकि हामीले त्यसकै मुखबाट सुनिहाल्यौं।"

*(स्रोत :- पवित्र धर्मशास्त्र बाइबल, (लुका २२ : ४७ - ७१)*

## उम्रिने ...

पक्राउ नपरेकाले पोस्ता दाना कहाँ बाट कसरी ल्याइयो भन्नेबारे खुल्न नसकेको भन्सार कार्यालयले जनाएको छ। चालक र कन्टेनरको मालिकलाई पत्राचार गरेर कारबाहीको प्रक्रिया अगाडि बढाइएको छ। प्रमुख न्यौपानेले गुड न्यूजसँग टेलिफोन सम्पर्कमा भने, "आयात गर्ने एजेन्टलाई पनि छानबिनको दायरामा ल्याउन सकिन्छ। उसको भूमिका कस्तो छ भन्नेबारे अहिले नै बताउन सक्ने अवस्था छैन।"



(पोस्ता दाना राख्ने बोरा)

भन्सार कार्यालयले नेपालगन्जको प्रयोगशालामा पोस्ता दानाको परीक्षण गर्न पठाएको छ। यहाँको प्रयोगशालाले पोस्ता दाना उम्रिने वा नउम्रिनेबारे जानकारी दिन नसके काठमाडौंमा बिउबिजन प्रयोगशालामा परीक्षण गर्न पठाउने तयारी गरेको जनाएको छ। परीक्षण गर्न नपरेको अवस्थामा भने पोस्ता दानालाई लिलामी गरिन्छ। यसरी लिलामी गर्न सूचना दिनेलाई १५ प्रतिशत, नियन्त्रणमा लिने नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, भन्सार कर्मचारीलाई कुल लिलामीको रकम मध्ये १० प्रतिशत रकम पुरस्कार स्वरुप दिने व्यवस्था रहेको छ।

## भावना

### मन चसक्क हुँदा कसलाई सुनाउँ

*कहिलेकाहीं अरुले चसक्क मन दुखाउँदा*
*हजुरलाई सुनाउँथे,*
*तर आज हजुर नहुँदा कसलाई सुनाउँ ?*

*जीबनका हरेक दुःख कष्टमा हाम्रा समस्या सुन्दिने*
*सालिन मुर्ती नभए कहाँ मिल्थ्यो होला र*
*मन बुझाउने ठाउँ ?*

*रामचन्द्र, श्रीकृष्ण, बुद्ध भगवान जस्तै बनी*
*सुगन्ध छर्न पाउँ।*
*खाली हात आएको खाली हात नै जाने हो*
*सो इच्छाले सकेको दान दिन सकुँ*
*अनि भगवानको नाम लिन पाउँ॥*

**तारा रोकाय**
**नेपालगन्ज, बाँके**


## के तपाईंको ठाउँमा

**कुनै सार्वजनिक कार्यक्रम, सभा-समारोह, सार्वजनिक सुनुवाई, तालिम-गोष्ठि, छलफल अन्तरक्रिया भईरहेको छ ?**




**छ भने हामीलाई सर्म्पक गर्नुहोस् । तपाईंको उद्देश्य पुरा गर्नलाई हामी पनि साझेदार बनी रेडियो**

***मर्निङ्ग स्टार ९० मेगाहर्जमा प्रत्यक्ष (लाइभ) जोड्ने छौं ।***

सर्म्पक फोन नम्बर : ०८१-५२६९९५, ०८१-५२०१५२
इमेल : radioms90@gmail.com

# जनमत त्रैमासिक रक्तदान कार्यक्रममा ४२ जनाले रक्तदान गरे






एसओएस युवालय, नेपालगन्जका नायव निर्देशक तुलाराम विश्वास र जनमत सम्पादक पूर्णलाल चुकेले प्राविधिक सोम प्रकाश सापकोटा, निरुता लामिछानेलाई रक्त संकलन गर्ने पाकेट हस्तारण गरी रक्तदान कार्यक्रमको शुरुआत गर्दै (ठूलो तस्बिरमा) र रक्तदाताहरुलाई टि–शर्ट वितरण गरिंदै (दायाँ तस्बिरमा)। तस्बिर : जनमत अर्धसाप्ताहिक

*गुडन्यूज संवाददाता*
*नेपालगन्ज*

जनमत अर्द्ध साप्ताहिकले एसओएस युवालय नेपालगन्जको सहकार्यमा आयोजना गरेको त्रैमासिक रक्तदान कार्यक्रममा ८ जना महिला सहित ४२ जनाले रक्तदान गरेका छन् ।

एसओएस बालग्रामको ५०औं वार्षिकोत्सवको अवसर पारेर आइतबार आयोजना गरिएको उक्त रक्तदान कार्यक्रम मा पत्रकार, व्यवसायी, शिक्षक, विद्यार्थी लगायत नियमित स्वयम्सेवी रक्तदाताहरुले रक्तदान गर्नु भएको हो । एसओएस युवालय, नेपालगन्जका नायव निर्देशक तुलाराम विश्वास र जनमत सम्पादक पूर्णलाल चुकेले प्राविधिक सोम प्रकाश सापकोटा र निरुता लामिछानेलाई रक्त संकलन गर्ने पाकेट हस्तारण गरी रक्तदान कार्यक्रमको शुरुआत गरिएको थियो ।

जनमतको रजत वर्ष–२०६३ देखि 'रक्तदान जीवनदान' को उद्देश्यका साथ नियमित रुपमा सञ्चालित 'त्रैमासिक रक्तदान कार्यक्रम' को ५३ औं श्रृङ्खलामा रक्तदान गर्नेहरुमा अन्नपूर्ण पोष्ट दैनिकका प्रदेश प्रमुख शंकर प्रसाद खनाल, नेपाल पत्रकार महासंघका पूर्व केन्द्रिय सदस्य तथा दैनिक नेपालगन्जका सम्पादक झलक गैरे, नेपाल घरेलु उद्योग महासंघ नेपालगन्ज उपमहानगर समितिका अध्यक्ष तथा समाजसेवी दिला शाह, सुश्री स्मारिका श्रेष्ठ, सुश्री स्वेता विष्ट, नियमित रक्तदाता नीरजमान श्रेष्ठ, लक्ष्मण कुमार वैश्य, पवन कुमार वैश्य, भगवान शरण यादव, रेडियो कृष्णसारका प्रमोद डि.जी., विनोद कुमार वैश्य, गौतम प्रसाद पौडेल, पत्रकार जागेश्वर थारु, पत्रकार बम्भु प्रसाद थारु, भगवान शरण यादवले रक्तदान गर्नु भएको छ ।

कार्यक्रम संयोजक पत्रकार पवन जायस–वालका अनुसार एसओएस युवालय, नेपालगन्जका सिनियर काउन्सिलर लक्ष्मण कार्की, सहायक निर्देशक मीना भुसाल तुलाधर, एसओएस युवालय, नेपालगन्जका विद्यार्थीहरु सम्झना खड्का, सपना सिँजापति, स्वेच्छा गिरी, सुष्मिता वि.सी. लगायतले रक्तदान गर्नु भएको थियो । त्यसैगरी असरफ शेष, मोहम्मद असलम शेष, मान बहादुर खत्री, मन बहादुर केसी, युवराज ढकाल, नारायण प्रसाद केसी, रुसतम अली दर्जी, लक्षमण बहादुर कार्की, दिनेश तमोली, राजेन्द्र क'मार सोनी, पृथ्वी सिंह, रोमन शाही, जगत जंग शाही, प्रमोद चौधरी, अभिनव कुमार सिंह, बिर बहादुर हमाल, इच्छाराम यादव, दुर्गा चौधरी, सञ्जय बढही, लगायतले रक्तदान गरेका थिए। सो अवसरमा नेपाल पत्रकार महासंघका पूर्व केन्द्रिय सदस्य झलक गैरे, प्रेस संगठन बाँकेका अध्यक्ष तथा गुड न्यूज साप्ताहिकका सम्पादक डक्ट धिताल, नेपाल क्षयरोग निवारण संस्था बाँके शाखाका सभापति बदरुद्दीन अन्सारी र जनमत सम्पादक पूर्णलाल चुकेले रक्तदाता हरुलाई प्रशंसा पत्र तथा टिसर्ट प्रदान गर्नु भएको थियो । सो कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी बाँके शाखाद्वारा सञ्चालित मध्यपश्चिम प्रादेशिक रक्त सञ्चार सेवा केन्द्रका प्रमुख उपेन्द्र रेग्मीको नेतृत्वमा सोम प्रसाद सापकोटा, शिवराज शाही, निरुता लामिछानेले प्राविधिक टोली र आकाश जायसवालले रक्तदान कार्यक्रममा सहयोग गर्नुभएको थियो ।

बि.सं. २०६३ साल वैशाख देखि निरन्तररुपमा आयोजना गरिंदै आएको त्रैमासिक रक्तदान कार्यक्रममा ५३औं श्रृङ्खलासम्म २ हजार ८ सय भन्दा बढी संख्यामा स्वयम्सेवी रक्तदाताहरुले रक्तदान गरिसकेका छन् । स्वास्थ्य विज्ञानका अनुसार नियमित रक्तदान गर्ने पुरुषहरुमा हुनसक्ने आइरन ओभरलोड कम हुन जान्छ र हृदयाघात हुने सम्भावना ८८ प्रतिशत कम हुन्छ । आइरन बढी हुने भएकोले नियमित रक्तदान गर्ने पुरुषहरुमा मधुमेह र क्यान्सर रोग हुने सम्भावना कम हुन्छ। त्यसैगरि रक्तदान गरेपछि शरीरमा नयाँ रक्त कोषिकाहरु बन्ने हुँदा रक्त प्रणाली पुनर्ताजगी हन्छ र रक्तदान गरे जति रगतको मात्रा ४ साता भित्र तयार हुने हुँदा हरेक तीन महिनाको फरकमा रक्तदान गर्दा शारीरिक रुपमा पनि स्फूर्ती आउने गर्छ ।

## नयाँ ...

रोइला लोकप्रिय रहेको छ ।

➤ *रोइला रेकर्डको हिसाबले चर्चामा भए पनि समग्रमा यसको मौलिकता पनि हराउँदै गएको कुरामा सहमत हुनुहुन्छ ?*

– गीत रेकर्डिङ मात्र पनि गीत संरक्षण आधार होइन। यो एउटा डिजिटल संग्रह भने हो। हामीले गीत रेकर्ड सँगसँगै सामाजिक संस्कार पनि जोगाउन जरुरी छ। हामीले गीत सँगसँगै सामाजिक संस्कार पनि हस्तान्तरण गर्नुपर्छ। सके जस्ताको त्यस्तै, सकिँदैन समय अनुसार केहि थपघट भएर पनि हस्तान्तरण हुनुपर्छ। यो केवल सर्जकको हातको कुरा मात्र पनि होइन्। यसमा राज्य वा समाज पनि गम्भीर हुनु पर्छ ।

अघिल्लो पुस्ताले हामीलाई मौलिक गीतहरू मिहिनेत गरेर बनाइदिएका छन्। उनीहरूले लय बनाइदिए । शब्द बनाइ दिए। भाव बनाइदिए। कुन बेला कस्ता गीत गाउने भन्ने कुरा पनि बनाइदिए । समग्रमा हाम्रो पहिचान स्थापित गरिदिएका हुन् ।

उनीहरूले त्यसरी सबै व्यवस्थापन गरेर छोडेको हिरालाई अहिले अलिकति बुझेको पुस्ताले अँगाल्न नसकेको सत्य हो । यो संगीतका लागि ठूलो अभिशाप हो ।

*(थाहा खबर अनलाइनबाट)*

# कार्यपालिका बैठकमा अवरोध भएको भन्दै डुडुवाले निकाल्यो प्रेस नोट



*सन्तोष कुमार बिष्ट*
*बाँके*

डुँडुवा गाउँपालिकामा नेकपा एमाले र जनता समाजबादी पार्टी (जसपा) ले कार्य पालिकामा आफ्नो बहुमतको आडमा बैठक अवरोध गर्दै आएपछि बैठक सञ्चालन गर्नमा समस्या भएको प्रेस नोट जारी गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ र डुडुवा गाउँपालिका बैठक सञ्चालन कार्यविधी २०७४ अनुसार कार्यपालिका बैठकमा प्रस्तुत हुने प्रस्तावहरु अध्यक्षबाट स्वीकृत गराई प्रमुख प्रशासकिय अधिकृतले कार्य पालिकाको बैठकमा सचिवको हैसियतले एजेण्डा प्रस्तुत गर्नुपर्ने कानुनी व्यवस्था रहेको र उक्त कानुनी व्यवस्थालाई अध्ययन नै नगरी कार्यसूचि विपरित एकैपटक विभिन्न विषयहरुमा छलफल गर्दा बैठक सञ्चालन गर्नमा कठिनाई उत्पन्न भएको कुरा प्रेस नोटमा उल्लेख छ ।

*कानुनी व्यवस्थालाई अध्ययन नै नगरी कार्यसूचि विपरित एकैपटक विभिन्न विषयहरुमा छलफल गर्दा बैठक सञ्चालन गर्नमा कठिनाई उत्पन्न भएको छ । कार्यपालिकाको प्रथम बैठक जेठ ३१ गते, दोस्रो बैठक असार ६ गते र तेस्रो बैठक असार १२ गते बसे पनि पहिलो बैठक बाहेक अन्य दुईवटा बैठकमा विषय प्रवेश नै नभई स्थगित गरिएको भएको थियो ।*

कार्यपालिकाको जेठ ३० गते बसेको पहिलो बैठकमा धन्यवाद सहितको प्रस्ताव पास भएर सम्पन भएको र दोस्रो बैठक असार ६ गते र तेस्रो बैठक असार १२ गते बसेको बैठकमा कानुन अनुसार अध्यक्षबाट पेश हुने प्रस्ताव पेश गरिएको विषयमा छलफल नगरी अनावश्यक विषयमा वादविवाद गरी प्रस्तुत् प्रस्तावमा छलफल नै गर्न नदिई कार्यपालिकाका सदस्यहरुले बाहिरी विषयको प्रस्ताव ल्याएर बहुमत भन्दै बैठक नै शुरु हुन नदिएको अवस्थामा गाउँपालिकाको नीति, कार्यक्रम र बजेट समेत अनिश्चित बनेको छ ।

कार्यपालिकाको प्रथम बैठक जेठ ३१ गते, दोस्रो बैठक असार ६ गते र तेस्रो बैठक असार १२ गते बसे पनि पहिलो बैठक बाहेक अन्य दुईवटा बैठकमा विषय प्रबेश नभई स्थागित भएको थियो ।

कार्यपालिकाको बैठकका लागि फोन र एसएमएसमार्फत सबै सदस्यहरुलाई खबर गरि बैठकको एजेण्डा समेत प्रस्तुत गरि सभा सञ्चालन तथा विषयगत समितिको गठन बजेटको तयारी लगायतका विषयमा निर्णय गर्दा त्यसप्रति क'नै चासो नदिई अनावश्यक विवाद सृजना गरेकाले समस्या उत्पन्न भएको गाउापालिका अध्यक्ष नरेन्द्र कुमार चौधरीले बताउनुभयो । अध्यक्ष चौधरीका अनुसार गाउँपालिकाको समग्र हितका लागि पहिला नीति, कार्यक्रम र बजेट ल्याउनुपर्ने भन्दै अनावश्यक वाद विवाद नगर्न आग्रह गर्नुभयो ।

एमाले र जसपाका निर्वाचित पदाधिकारीहरु बैठकमा उपस्थित भएर पनि प्रक्रिया अनुसार छलफलमा सहभागी नभएको र बाहिर विभिन्न किसिमका झूठा अफवा फैलाउने र आरोप प्रत्यारोप लगाउने कार्य गलत भएको अध्यक्ष चौधरीले बताउनुभयो। जनताले चुनेका जनप्रतिनिधीले काम गर्ने बातावरण नवनाउँदा अनाहकमा जनताले दुःख पाउने संकेत देखिन्छ । कार्यपालिकाको बैठक नबस्दा गाउँपालिकाले प्रवाह गर्ने स्वास्थ्य, पशु राजश्व शुल्क लगायतका विभिन्न सेवाहरु प्रभावित भएको अध्यक्ष चौधरीले दुःख व्यक्त गर्नुभयो ।

प्रेस नोटमा उल्लेख छ "एमाले र जसपाले बहुमत भएको देखाउँदै कार्य पालिकाको बैठकमा हुल हुज्जतका साथ अन्य कार्यकर्ता समेत ल्याएर बैठक भाँड्ने कार्य भइरहेको हुँदा आगामी दिनमा त्यस्ता गतिविधी नगर्न अध्यक्ष चौधरीले आग्रह गर्नुभएको छ ।

# हरवा चरवा, हलिया र कमैयाका समुह सन्जाल संगठित बने



राष्ट्रिय बँधुवा कृषि मजदुर संघर्ष समितिको अगुवाईमा मुक्त हलिया, मुक्त कमैया र हरवा–चरवाको माग सम्बोधन गराउन भएको भेलाका सहभागी प्रतिनिधी तथा सरोकारवालाह। (तस्बिर : प्रेम विश्वकर्मा)

*प्रेम विश्वकर्मा*
*काठमाडौं*

नेपालमा हरवा चरवा, मुक्त हलिया र मुक्त कमैयाको हक, अधिकारका क्षेत्रमा क्रियाशिल तीन वटा समुहका सञ्जालहरु एकै ठाउँमा गोलबद्ध भएका छन् ।

कृषि बाँधा श्रमिकका साझा समस्याहरुको समाधान, परापूर्व कालदेखि नै हुँदै आएको अन्यायलाई अन्त्य गर्नका लागि साझा आन्दोलनको शंखघोष गर्नुपर्ने आवश्यकता महसुस् गरी राष्ट्रिय कृषि बँधुवा मजदुर संघर्ष समिति गठन गरी छरिएर रहेका समुह, सञ्जालहरु एक ठाउँमा गोलबद्ध भएका हुन् । नव गठित राष्ट्रिय बँधुवा कृषि मजदुर संघर्ष समितिको अगुवाईमा शुक्रबार मुक्त हलिया, मुक्त कमैया र हरवाचरवाको माग सम्बोधन गराउन भन्दै राष्ट्रिय मानवअधिकार आयोग मार्फत नेपाल सरकारलाई ध्यानाकर्षण पत्र समेत बुझाईएको छ ।

मुक्त हलिया र मुक्त कमैयाको लगतमा नै वास्तविक मान्छे छुटेकाले एक पटकका लागि लगत लिन र हरवा चरवाको पहिचान सहित मुक्तिका लागि अब संयुक्त रुपमा संघर्ष गरिने राष्ट्रिय मुक्त हलिया समाज महासंघ नेपालका सचिव प्रसाद नेपालीले जानकारी दिए ।

राष्ट्रिय बँधुवा कृषि मजदुर संघर्ष समितिले हरवाचरवा, मुक्त हलिया, मुक्त कमैया, मुक्त कमलरीको सवालमा राष्ट्रिय मानव अधिकार आयोगलाई पैरवीका लागि ध्यानाकर्षण पत्र नै पेश गरेको छ । ध्यानाकर्षण पत्रमा हरवा चरवा, मुक्त हलिया, मुक्त कमैया, मुक्त कमलरीको अवस्थालाई आयोगले अध्ययन गरी देखिएका समस्या समाधानका लागि नेपाल सरकारको सम्बन्धित निकायमा सिफारिस गर्न, हरवाचरवा, कमैया, कमलरी, हलिया मुक्त घोषणा हुन बाँकी रहेका स्थानहरुमा मानवअधिकार हननको अवस्था अनुसन्धान गर्न र हनन् भएका ठाउँहरुमा पीडितहरुलाई न्याय दिलाई मानवअधिकार कार्यान्वयन गर्न अनुरोध समेत गरिएको छ ।

## चट्याङको समयमा सतर्क रहौं ।

*चट्याङबाट बच्ने उपाय :*

- बिजुली चम्केको बेला सतर्क रहने,
- विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्याल–ढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

*नेपाल सरकार,*
*विज्ञापन बोर्ड*




**कतै बिरानो मुलुकमा बेचिन पुगिएला ?**
**सचेत बनेर जोगिनुहोस् है ।**

चेलीबेटीको फोटो खाडी मुलुक पठाएर
मोलमोलाई गर्छन् दलालहरु

## कोभिड - १९ बाट जोगिन तीन 'भ' बारे जानकारी राखौं




सार्बजनिक हितका लागि :

GAN-NEPAL

शुभ सन्देश सभा नेटवर्क नेपाल (ज्ञान नेपाल) Gospel Assembly Network Nepal "GAN Nepal"

नेपालगन्ज उपमहानगरपालिका - १०, सोफियाटोल, बाँके